रोजगार (संशोधन)
अध्यादश २०१० का
एक सक्षिप्त निदशिका

A Concise Guide to the
Employment (Amendment)
Ordinance 2010 (Nepali)
Labour Department

रोजगार (संशोधन) अध्यादश २०१० का एक सक्षिप्त निदशिका P.1

विषय सूचि


| | |
|---|---|
| प्राक्कथन | २ |
| संशोधन अध्यादेश अर्न्तगत गरिएको संशोधनहरुको साराशं | ३ |
| मुरव्य प्रावधानहरुमा प्रकाश | ४ |
| परिशिष्ट १ उदाहरणहरु | ७ |
| परिशिष्ट २ सोधपुछ | १० |

रोजगार (संशोधन) अध्यादश २०१० का एक सक्षिप्त निदशिका P.2

प्राक्कथन

रोजगार (संशोधन) अध्यादेश (संशोधन अध्यादेश) २०१० ले रोजगार अध्यादेश (इओ) मा गरेको मुख्य परिवर्तनहरुलाई यस पुस्तिकामा सामान्य रुपमा प्रस्तुत गरिएको छ। इओ बारे बिस्तृत जानकारीको लागी श्रम विभागले प्रकाशन गरेको 'रोजगार अध्यादेश एक संक्षिप्त निर्देशिका' हेर्नुहोला।

यो पुस्तिका र रोजगार अध्यादेश एक संक्षिप्त निर्देशिका http://www.labour.gov.hk/eng/public/content2_3.htm बाट डाउनलोड गर्न सक्नुहुनेछ।

नोट: यस पुस्तिकामा दिएका जानकारीहरु सहयोगको लागी मात्र हुन्। कानूनको ब्याख्याको सम्पूर्ण अधिकार संशोधन अध्यादेश र इओमा रहनेछ। तपाईँ बिस्तृत जानकारीको लागी श्रम विभागको वेबपेज हेर्न सक्नुहुनेछ।

रोजगार (संशोधन) अध्यादेश २०१० :-
http://www.labour.gov.hk/eng/news/EAO2010.htm

रोजगार अध्यादेश :-
http://www.labour.gov.hk/eng/legislat/contentB2.htm

रोजगार (संशोधन) अध्यादश २०१० का एक सक्षिप्त निदशिका P.3

संशोधन अध्यादेश अर्न्तगत गरिएका
संशाधनहरुको सारांश

संशोधन अध्यादेशको मुख्य उद्देश्य कामदारको थप सुरक्षाको लागि रोजगार अध्यादेश (तोकिएको बुँदाको बिस्तृतको लागि उल्लेखित भागहरु हेर्नुहोस्) अनुसार ज्याला र अन्य सुविधा नदिई रोजगारदाताले श्रम अदालत र अल्प रोजगार दावी सहजकर्ता वोर्ड (एमइसिएबी) ले तोकेको सजाय रकम समेत नतिर्ने प्रवृतिलाई निरुत्साहित गर्नु हो ।

एलटी र एमइसिबीले आदेश दिए अनुसारको रकम रोजगारदाताले बिना ढिलासुस्ती तिर्नु पर्छ । संशोधन अध्यादेश अन्तर्गत जानीजानी वा बिना कुनै उचित कारण रोजगारदाताले श्रम अदालतले तोकेको रकम १४ दिन भित्रमा नतिरेमा (परिशिष्ट १ को उदारहण १ र २ हेर्नुहोस्) त्यसमाथी बहश हुनेछ र यदि आरोप प्रमाणित भएमा ३५०,००० डलर जरीवाना र ३ बर्ष सम्मको जेल सजाय हुनेछ ।

लागू हुने समय

यो संशोधन अध्यादेश २९ अक्टोबर २०१० बाट लाग् हुनेछ र लागू हुने मिति देखि गरिएको एलटी र एमइसिएबीको निर्णयमा (यस पछि अदालतको निर्णय भनिने) लागू हुनेछ ।
(परिशिष्ट १ को उदारहण ३ हेर्नुहोस्)

(नोट १) अदालतको निर्णय - निर्णय, आदेश वा समाधानलाई श्रम अदालत अध्यादेश अनुसार वा अल्प रोजगार दावी सहजकर्ता बोर्ड अध्यादेश अर्न्तगतको अल्प रोजगार दावी सहजकर्ता बोर्ड अनुसार अदालतको निर्णय भनिन्छ ।

मुख्य प्रावधानहरुमा प्रकाश

यो संशोधन अध्यादेश अदालतको निर्णय अनुसार संशोधन अध्यादेशले तोकेको अधिकार संग सम्बन्धित रकम रोजगारदाताले नतिरेमा लागू हुनेछ।

१. "तोकिएका अधिकारहरु" को क्षेत्राधिकार

"तोकिएका अधिकारहरु" मा ज्यालाहरु र इओ अन्तर्गतको गैरकानुनी भनी साथ दिएको प्रावधानहरु जस्तै ज्यालाहरु, वर्षको अन्त्यमा हुने भुक्तानी, सुत्केरी बिदा भत्ता, लामो सेवा भुक्तानी, बिरामी भत्ता, बिदा भत्ता, वार्षिक बिदा भत्ता र गैरकानुनी र नाजायज सजाय वापतको क्षतिपूर्ति पर्दछ।

२. अदालतको निर्णय अनुसारको रकम नर्तिनु अपराध हो

यदि अदालतले संशोधन अध्यादेशले दिएको तोकिएको अधिकारहरु (जस्तै ज्यालाहरु, वर्षको अन्त्यमा हुने भुक्तानी, सुत्केरी बिदा भत्ता र सिभेरेन्स भुक्तानी आदी) नोट २ रोजगारदाताले तिर्नुपर्ने भनी निर्णय गरेमा र रोजगारदाताले जानीजानी वा बिना कुनै कारण १४ दिन भित्र नतिरेमा रोजगारदाता दोषी हुन्छ र यदि प्रमाणित भएमा ३५०,००० डलर जरिवाना र ३ वर्षको जेल सजाय हुनेछ ।

नयाँ प्रावधान यस निर्णय अनुसार हुने कुनै पनि रकमको भाग भुक्तानी नगरेमा लागू हुनेछ । यदि भुक्तानी किस्ताबन्दीमा हो भने यो उक्त किस्ता वा किस्ताको कुनै भाग नतिरेमा पनि लागू हुनेछ ।

सहयोगको लागि परिशिष्ट १ मा उदारहणहरु छन् । (निर्णय भएपछि बाँकी रहेको १४ दिनको समय कसरी निकाल्ने?)

(नोट २) फरक कारण नभएसम्म, यदि निर्णयले भुक्तानीको लागी भनेको तर यो तोकिएको अधिकार हो या होइन भनी किटान गरेको छैन भने र आंशिक या पूर्ण रुपमा कुनै तोकिएको अधिकार सम्बन्धि निर्णय दावीमा निर्णयलाई तोकिएको आधकार वापतको भुक्तानी भनी मानिने छ ।

(नोट ३) यढि निर्णयले भुक्तानी दिने ढिन तोकेको छैन भने निर्णय भएको १४ दिर्नाभत्र भुक्तानी गरिसक्नु पर्छ।

३. संशोधन अध्यादेश अनुसार कर्पोरेट अंगको निर्देशकहरु,
साभेदारहरु आदिको गैरकानुनी दोष

यदि कर्पोरेट अंगहरुले जानीजानी वा बिना कुनै उचित कारण निर्णय भएको रकम १४ दिनभित्र नतिरेमा र दोष सहमती वा निर्देशक वा अन्य उत्तरदायी ब्यक्तिको लापरवाहीले भएको प्रमाणित भएमा उक्त ब्यक्ति दोषी हुनेछ र ३५०,००० डलर सम्म जरिवाना र ३ वर्ष जेल सजाय हुन्छ।

यदि फर्मको साभेदारले जानीजानी वा बिना कुनै उचित कारण निर्णय भएको रकम १४ दिन भित्र नतिरेमा र दोष सहमती वा निर्देशक वा अन्य उत्तरदायी ब्यक्तिको लापरबाहीले भएको प्रमाणित भएमा उक्त ब्यक्ति दोषी हुनेछ र ३५०,००० डलर सम्म जरिवाना र ३ बर्ष जेल सजाय हुन्छ।

परिशिष्ट १

उदाहरणहरु

(क) निर्णय भएको रकम तिर्नुपर्ने १४ दिन कसरी पता लगाउने?

(उदारहण १) यदि निर्णय भएको रकम एकमुष्ट तिर्नुपर्ने छ भने

यदि रोजगारदाताले रोजगार संझौता अनुसार संझौता रद्द गर्न १ महिनाको सुचना दिनुको सट्टा कामदारलाई १ महिनाको ज्याला ७,५०० डलर तिर्न मञ्जूर हुन्छ। तर पछि उसले उक्त रकम तिर्न इन्कार गर्छ भने।

कामदारले रोजगारदाताको विपक्षमा श्रम विभागको श्रम सम्बन्ध डिभिजनमा सुचनाको कमीको कारण ७५०० डलरको दावी गर्छु। यस पछि पनि समस्या समाधान भएन। त्यस पछि कामदारले रोजगारदाताको विपक्षमा सुचनाको कमीको कारण ढावी अल्प रोजगार दावी सहजकर्ता बोर्ड (एमइसिएबी) मा गर्छ। एमइसिएबीले कामदारको पक्षमा नोभेम्बर ८, २०१० मा निर्णय र फैसला गर्छु। रोजगारदातालाई ७,५०० डलर १५ नोभेम्बर २०१० भित्रमा भुक्तानी गर्न आदेश दिइन्छ।

| नोभेम्बर २०१० | | | | | | |
|---|---|---|---|---|---|---|
| आ | सो | म | बु | बि | शु | श |
| | १ | २ | ३ | ४ | ५ | ६ |
| ७ | ८ | ९ | १० | ११ | १२ | १३ |
| १४ | १५ | १६ | १७ | १८ | १९ | २० |
| २१ | २२ | २३ | २४ | २५ | २६ | २७ |
| २८ | २९ | ३० | १ डि | २ | ३ | ४ |

भुक्तानीको अंतिम मिति

युक्तानी नगर्ने वा ढिला भुक्तामी

ले थप १४ दिन समय (१६ देखि २९ नोभेम्बर, २०१०) मा रोजगारदाताले जानीजानी वा बिना कुनै कारण भुक्तानी नगरेमा अपराध ठहर्छ भनी जनाउँछ।

रोजगारदाता जसले जानीजानी वा विना कुनै उचित कारण फैसला भएको ७,५०० डलर तोकेको समय १५ नोभेम्वर २०१० को थप १४ दिन (१६ देखि २१ चोशेखर, २०१०) भित्र नतिरपा अपराध गरेको ठहर्छ र दोषी हुन्छ। पदि दोष प्रमाणित भएमा ३५०,००० डलर सम्म जरिवाना र ३ वर्ष जेल सजाय हुन्छ।

रोजगार (संशोधन) अध्यादश २०१० का एक सक्षिप्त निदशिका P.8

(उदारहण २) जब फैसला भएको रकम किस्ताबन्दिमा तिर्नुपर्ने छ

एउटा कामदारले रोजगारदाताको विपक्षमा श्रम अदालत (एलटी)मा १२००० डलर कमिशनको दावी गर्छ। दुवै पक्ष ३ नाभेम्बर २०१० मा भएको सुनुवाइमा सहमतिमा पुग्छन र रोजगारदाता कामदारलाई दावी रकम ३ किस्तामा तिर्न मञ्जूर हुन्छ। एलटीले समाधान संझौता सदर गरी सोही दिन फैसला गर्छु। फैसला भएको रकम उल्लेखित मिति भित्रमा तिर्नुपर्छ।

| किस्ताको संख्या | मिति | भुक्तानी |
|---|---|---|
| पहिलो | १७ नोभेम्बर २०१० | ४,००० डलर |
| दोश्रो | १७ डिसेम्बर २०१० | ४,००० डलर |
| तेश्रो | १७ जनवरी २०११ | ४,००० डलर |

यदि रोजगारदाताले पहिलो र दोश्चो किस्ता मात्र गरी ८,००० डलर समयमा नै भुक्तानी गऱ्यो तर तेश्रो किस्ता वापतको ४,००० डलर ३१ जनवरी, २०११ (तेश्रो किस्ता पछिको थप १४ दिन समय) सम्म तिर्न सकेन भने रोजगारदाताले अपराध गरेको हुन्छ र दोषको भागी हुन्छ।

जनवरी २०११

| आ | सो | मं | बु | बि | शु | श |
|---|---|---|---|---|---|---|
| | | | | | | १ |
| २ | ३ | ४ | ५ | ६ | ७ | ८ |
| ९ | १० | ११ | १२ | १३ | १४ | १५ |
| १६ | १७ | १८ | १५ | २० | २१ | २२ |
| २३ | २४ | २५ | २६ | २७ | २८ | २९ |
| ३० | ३१ | १ डि | २ | ३ | ४ | ५ |

तेश्रो किस्ता भुक्तानीको अंतिम मिति

भुक्तानी नगर्ने वा ढिला भुकमी

ले तेश्रो किस्ता चुक्ता गर्नै पर्ने पाछको थप १४ दिन समय (१८ देखि ३१ जनवरी, २०११) देखाउँछ। जानीजानी वा बिना कुनै उचित कारण रकम भुक्तानी नगर्ने रोजगारदाता ढोषी हुन्छ।

रोजगारदाताले जानी जानी वा विना कुनै उचित कारण ४,००० डलर तेश्रो किस्वा तिर्नु पर्ने मिति १७ जनवरी २०११ ले थप १४ दिन भित्र पनि नतिरेमा अपराधको दोषी हुन्छ। प्रमाणित भएमा ३५०००० सम्म जरिवाना र ३ वर्ष जेल सजाय हुन्छ।

रोजगार (संशोधन) अध्यादश २०१० का एक सक्षिप्त निदशिका P.9

(ख) संशोधन अध्यादेशको लागू मिति कसरी निकाल्ने ?

(उदारहण ३) संशोधन अध्यादेशको कार्यान्वयन

एक कामदारले श्रम अदालतमा रोजगारदाताको विपक्षमा लामो अवधी सेवा वापतको भुक्तानी ३५,००० डलर दावी गर्‍यो र उसको पक्षमा ३ नोभेम्बर २०१० मा उसले फैसला पायो ।
रोजगारदातालाई लामो अवधि सेवा वापत ३५,००० डलर १७ नोभेम्बर २०१० भित्र तिर्न आदेश दिइयो ।
श्रम अदालतको यो फैसला संशोधन अध्यादेश जारी मिती (२९ अक्टोबर, २०१०) भन्दा पछि भएकोले यस मुद्दामा संशोधन अध्यादेश लाग् हुन्छ ।

संशोधन अध्यादेश लागू भएको मिति

वष २०१०

| आ | सो | मं | बु | बि | शु | श |
|---|---|---|---|---|---|---|
| २४ अ. | २५ | २६ | २७ | २८ | २९ | ३० |
| ३१ | १नो. | २ | ३ | ४ | ५ | ६ |
| ७ | ८ | ९ | १० | ११ | १२ | १३ |
| १४ | १५ | १६ | १७ | १८ | १९ | २० |

भुक्तानीको मिति

भुक्तानीको औतम मिति

रोजगारदाताले जानीजानी वा बिना कुनै उंचत कारण फैसला भएको ३५,००० डलर तोकेको मिति (१७ नोभेम्बर २०१०) ले थप १४ दिर्नभित्र पनि नतिरेमा अपराधको द्वोषी हुन्छ र प्रमाणित भएमा ३५०,००० सम्म जरिवाना र ३ वर्ष जेल सजाय हुन्छ ।

नोट:
२९ अक्टोबर २०१० अगाडी अदालतले गरेको फैसलामा संशोधन अध्यादेश लागू नभए पनि रोजगारदाताले रोजगार अध्यादेश अन्तर्गत अपराध (जस्तै ज्याला वा लामो अवधी सेवा को भुक्तानी नदिने) गरेको यथेष्ट प्रमाण भएमा श्रम विभागले दोषी करार गर्न सक्छ ।

परिशिष्ट १

सोधपुछहरु
श्रम विभाग होमपेज: www.labour.gov.hk
२४ घण्टे सोधपुछ हटलाइन: २७१७ १७७१
(हटलाइन "१८२३" कल सेन्टर द्वारा नियन्त्रित)
श्रम विभागको श्रम सम्बन्ध डिभिजनका कार्यालयहरु :

http://www.labour.gov.hk/eng/tele/lr1.htm

यो पुस्तिका http://www.labour.gov.hk/eng/public/content2_3.htm वाट डाउनलोड गर्न सकिन्छ।

Labour Department

7/2011